# भक्तपुर नगरपालिकाको बाह्रौं नगरसभा

## २०७९ असार ८ गते, बुधबार (पहिलो दिन)

१) भक्तपुर नगरपालिकाको बाह्रौं नगरसभाको उद्घाटन समारोह नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्रद्धेयश्री नारायणमान बिजुक्छेंज्यूको णप्रमुख आतिथ्यमासम्पन्न भयो ।

२. भक्तपुर नगरपालिकाका प्रमुख सुनिल **प्रजापति**ज्यूको सभापतित्वमा सम्पन्न उक्त समारोहमा प्रमुख अतिथि नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्रद्धेय श्री नारायणमान बिजुक्छें,विशेष अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद श्री प्रेम सुवाल, विशेष अतिथि बागमती प्रदेश सभाका सदस्यमाननीयश्री सुरेन्द्रराज गोसाई, बागमती प्रदेश सभाका सदस्य माननीयश्री सृजना सैंजु, उपप्रमुख श्री रजनी जोशी, प्रा.डा. विष्णुदत्त पौडेल, प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्माले नगर सभाको सफलताको लागि शुभकामना मन्तव्य दिनु भयो ।प्रमुख प्रशासकीय अधिकृत श्री कृष्ण गिरीले अतिथिहरु र सहभागी सबैलाई धन्यवाद ज्ञापन गर्नुभयो ।

३. बाह्रौं नगर सभाको औपचारिक उद्घाटन समारोह पश्चात् सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले नगर सभाको बैठकको आरम्भ गरी समसामयिक विषयमा प्रकाश पार्नु भयो । उहाँले उद्घाटन समारोहमा प्रमुख अतिथिको रुपमा पाल्नु भएका नेपाल मजदुर किसान पार्टीका श्रद्धेय अध्यक्ष श्री नारायणमान बिजुक्छें, विशेष अतिथि नेपाल मजदुर किसान पार्टीका सचिव एवं संघीय सांसद श्री प्रेम सुवाल, माननीयश्री सुरेन्द्रराज गोसाई, माननीयश्री सृजना सैंजु, प्रा.डा. विष्णुदत्त पौडेल, प्रमुख जिल्ला अधिकारी श्री रुद्रादेवी शर्मा लगायत उपस्थित सम्पूर्ण महानुभावहहरुमा धन्यवादज्ञापन गर्ने प्रस्ताव राख्नु भएकोमा उक्त प्रस्ताव सर्वसम्मतिले पारित गर्‍यो । सभाको अर्को बैठक २०७९असार९ गते विहीबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको बाह्रौं नगर सभा (दोश्रो दिन)**
**२०७९ असार ९ गते, विहीबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट बाह्रौं नगर सभाको दोश्रो दिनको बैठक शुरु गर्नु हुंदै आजको कार्यसूचिमा नीति तथा कार्यक्रम माथिको छलफलको व्यवस्था गरेको जानकारी गराउंदै छलफलमा भाग लिन चाहनु हुने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै सभासद **श्री गोविन्द दुवाल**ले अरनिको सभा भवन निर्माण कार्य शीघ्र आरम्भ गर्नुपर्ने र भक्तपुरको खानेपानी समस्या समाधान गर्न नगरकोट मुहान पोखरी क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गराई गैरकानूनी रुपमा निर्माण भइरहेको खेल मैदान रोक्नुपर्ने सुझाव दिनुभयो ।

३.नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै**सभासद श्री हरिरत्न गोर्खाली**ले विद्यालयमा नैतिक र व्यवहारिक शिक्षा दिनुपर्ने, गृहणीहरुलाई घरेलु मेशिन मर्मत तालिम दिनुपर्ने, विचरण पार्कको व्यवस्था गर्नुपर्ने, अनलाइन आवेदन र अनलाईन कर दालिखाको व्यवस्था गर्नुपर्ने, छाडा चौपाया र दोपाया व्यवस्थित गर्नुपर्ने, जगन्नाथ क्षेत्र उत्खनन कार्य अगाडि बढाउनु पर्ने, हनुमन्ते र खासाङ्ग खुसुङ्ग खोलाको घाटहरु व्यवस्थित गर्नुपर्ने, ऐतिहासिक र पुरातात्विक निजी घरहरु पुनः निर्माण गर्न आवश्यक नीति बनाई सहयोग गर्नुपर्ने,  सहकारी संस्थाहरुलाई सामाजिक उत्तरदायी बनाई, सरसफाई र सडक बत्तीको जिम्मेवारी दिनु पर्ने रअवैधानिक रुपमा संचालित सहकारी संस्थाहरु बन्द गर्नुपर्ने विषयहरु नीति तथा कार्यक्रममा सम्मिलित गर्नुपर्ने सुझाव दिनु भयो ।

४. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री इन्द्रबहादुर प्याथ**ले भक्तपुर नगरपालिकालाई ज्ञान, विज्ञान, शिक्षा, स्वास्थ्य र संस्कृतिको केन्द्रका रुपमा विकास गरी नागरिक भावनासहितको विशिष्ट पहिचान बोकेको सांस्कृतिक नगर बनाउंदा कोर सिटी एरिया (Core City Area) बाहिर आधुनिक भौतिक संरचना र सुविधासहितको वाह्य शहरी क्षेत्रको विस्तारका लागि नीति लागू गर्ने, नक्शा शाखालाई (Window System) मा लैजानु पर्ने, नगर प्रवेश द्वारहरुमा नगरको पहिचान झल्कने स्मारक सहितको हरियाली क्षेत्र बनाउनु पर्ने विषय नीति तथा कार्यक्रममा राख्नु पर्ने सुझाव दिनु भयो ।

५. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री मञ्जुमैया लाखाले** नगरभित्रका विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा ई.सी.डी. शिक्षकको कोटा व्यवस्था गर्नु पर्ने, पूर्व आधारभूत र आधारभूत विद्यालयहरुमा विद्यार्थी संख्याको आधारमा शिक्षक कोटा निर्धारण गर्नुपर्ने, ख्वप अस्पतालको लागि आवश्यक जनशक्ति व्यवस्था गर्न छात्रवृत्ति वृद्धि गर्नुपर्ने, स्थानीय पाठ्यक्रमसम्बन्धी पाठ्यपुस्तक तयार गर्नुपर्ने, E-Waste Mangementको व्यवस्था गर्नुपर्ने, महिलाहरुलाई सहुलियत दरमा ऋण प्रदान गरी महिला लक्षित सीपमूलक तालिम दिनुपर्ने सुझाव दिनु भयो ।

६. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्यामसुन्दर मातांले** नः पुखुको वातावरण सुधार गर्नुपर्ने, राममन्दिरदेखि बाराही स्थान मंगलतिर्थसम्म खोला किनारमा पर्खाल लगाउनुपर्ने, साविक वडा नं. १५ को वडा कार्यालयलाई सदुपयोग गर्नुपर्ने, शहीद स्मृति खेल मैदान निर्माणगर्नुपर्ने, भक्तपुर क्राफ्ट पेपरलाई संचालनमा ल्याउनुपर्ने, कर्मचारीहरुको वृत्ति विकासका साथै कर्मचारीहरुलाई जनउत्तरदायी बनाउनुपर्ने, स्वीमङ्ग पुल बनाउनुपर्नेसुझाव दिनु भयो ।

७. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण गोपाल चौगुठीले** बाराही पुल निर्माण यथाशीघ्र सम्पन्न गर्नु पर्ने र बाराही पुल वरपरको खोलाको माटो झिक्नु पर्ने सुझाव दिनुभयो ।

८. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्णनारायण दुमरुले** नगरका सम्पदाहरुको अभिलेख राख्नुपर्ने, सडक बत्तीको नियमित मर्मत संभार गर्नुपर्ने, नगरको खानेपानीको मुहानसंगैको खेल मैदान निर्माण कार्य रोक्नुपर्ने, अनलाइन नक्सा पासको व्यवस्था गर्नुपर्ने सुझाव दिनु भयो ।

९. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजुले** हनुमानघाट क्षेत्रकोगुरु योजना बनाई व्यवस्थित गर्नुपर्ने, वधशालाको व्यवस्था गर्नुपर्ने, भुई तल्लामा सार्वजनिक पाटीको निजी घरको नक्सा पास र घर जग्गा करसम्बन्धी आवश्यक नीति बनाउनुपर्ने, शिक्षकहरुलाई दक्षता अभिवृद्धि सम्बन्धी तालिम दिनुपर्ने, विद्यालयहरुमा भौतिक पूर्वाधारहरुको निर्माण गर्नुपर्ने र अनुपयुक्त स्थानको सामुदायिक विद्यालयहरुलाई उपयुक्त स्थानमा स्थानान्तरण गर्नुपर्ने,सहुलियत दरमा कृषि ऋणको व्यवस्था गर्नुपर्ने, कृषि परामर्श केन्द्र स्थापना गर्नुपर्ने, भक्तपुर महोत्सव गर्नुपर्ने, जनप्रतिनिधि तथा कर्मचारीहरुलाई अध्ययन भ्रमणको व्यवस्था मिलाउनु पर्ने सुझाव दिनु भयो ।

१०. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री पुरुषोत्तम तमखुले** न्हुछेँपुनः निर्माणशीघ्र सम्पन्न गर्नुपर्ने, तालादम्फो र इखालाछी मठक्षेत्रकानिजी घरहरुलाई उचित मुआब्जा दिई स्थानान्तरण गर्नुपर्ने, तालादम्फोको गोरखनाथ मन्दिर पुनः निर्माण गर्नुपर्ने, विभिन्न समितिका निर्णयहरु शीर्घ कार्यान्वयनको व्यवस्था गर्नुपर्ने, बाराही क्षेत्रको डुबान समस्या समाधान गर्न उचित पहल गर्नुपर्ने सुझाव दिनु भयो ।

११. सभासद **नारायण प्रसाद त्वानाबासुले** छलफलमा भाग लिनु हुंदै जगनाथ क्षेत्र उत्खनन कार्य शीघ्र शुरु गर्नुपर्ने,खुल्ला ब्यायाम स्थलका व्यायाम उपकरण सदुपयोग सम्बन्धी फ्लेक्स बनाई राख्नुपर्ने, सफाई मजदुरहरुलाई शिष्ट, सभ्य र कर्तव्यनिष्ठ बनाउनुपर्ने, फोहर व्यवस्थापनको लागि आवश्यक जग्गाको व्यवस्था गर्नुपर्ने, खानेपानी चुहावत नियन्त्रण गर्नुपर्ने र चण्डेश्वरी पथको नक्सांकन गर्नुपर्ने सुझाव दिनुभयो ।

१२. नीति तथा कार्यक्रम माथिको छलफलमा भाग लिनु हुंदै सभासद **श्री सूर्यप्रसाद श्रेष्ठले** हनुमन्ते खोला छेउमा फोहर फाल्ने गतिविधि नियन्त्रण गर्नुपर्ने, हनुमन्तेको बाढी नियन्त्रण गर्नुपर्ने, अति विपन्न, अशक्त नगरवासीलाई जीवन निर्वाहको लागि आवश्यक नीति बनाउनु पर्ने, सहकारी संस्थामार्फत रासायनिक मल, कृषि औजार, विउ विजन, किटनाशक औषधी समयमै उपलब्ध गराउनुपर्ने र कृषियोग्य जमिनमा निजी प्लानिङ्ग रोक्नुपर्ने सुझाव दिनु भयो ।

१३. सभा अध्यक्ष प्रजापतिले सभासदहरुले नीति तथा कार्यक्रममाथिको छलफलमा उठाउनु भएका विभिन्न विषयहरुमा प्रष्ट पार्नुभयो ।

१४. सभा अध्यक्ष प्रजापतिले आर्थिक वर्ष २०७९/०८० को भक्तपुर नगरपालिकाको नीति तथा कार्यक्रम पारित गर्न सभामा पेश गर्नुभयो र सभाबाट सर्वसम्मतिले नीति तथा कार्यक्रम पारित भएको घोषणा गर्नुभयो ।

१५. सभाको अर्को बैठक मिति २०७९।३।१० गते विहान ७:३० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको बाह्रौं नगर सभा (तेश्रो दिन)**
**२०७९ असार १० गते, शुक्रबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिबाट बाह्रौं नगर सभाको तेश्रो दिनको बैठक शुरु गर्नु हुंदै आजको तालिकामा आ.व.२०७९/०८० को बजेट प्रस्तुत गर्ने कार्यक्रम रहेको जानकारी गराउनुहुंदै बजेट तथा योजना तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुर नगरपालिकाको लागि आ.व. आ.व.२०७९/०८० को अनुमानित आय व्ययको विवरण (बजेट) प्रस्तुत गर्न समय प्रदान गर्नुभयो र प्रमुख जोशीले आ.व.२०७९/०८० को २,१८,४२,४२,००० /- अनुमानित आय /व्ययको बजेट सभामा पेश गर्नुभयो ।

२. सभा अध्यक्ष प्रजापतिले बैठक १० मिनेटको लागि स्थगित गरिएको जानकारी गराउनु भयो ।

३. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः सुचारु गर्नुहुंदै उपप्रमुख श्री रजनी जोशीलाई भक्तपुर नगरपालिको आर्थिक विधेयक, २०७९ र भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०७९ सभामा प्रस्तुत गर्न समय प्रदान गर्नुभयो । र उपप्रमुख जोशीले उक्त विधेयकहरु सभामा प्रस्तुत गर्नुभयो ।

४. सभाअध्यक्ष प्रजापतिले प्रस्तुत बजेट र विधेयकहरु सभामा छलफलको लागि स्वीकृति प्रदान गर्न प्रस्ताव पेश गर्नुभयो र सभाबाट सर्वसम्मतिले भक्तपुर नगरपालिकाको लागि आ.व. २०७९/०८० को बजेट, भक्तपुर नगरपालिको आर्थिक विधेयक, २०७९ र भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०७९ छलफलको लागि स्वीकृति प्रदान गरिएको घोषणा गर्नुभयो ।

५. सभा अध्यक्ष प्रजापतिले बाह्रौं नगरसभाको अर्को बैठक मिति २०७९।३।१२ गते, दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो ।

**भक्तपुर नगरपालिकाको बाह्रौं नगर सभा (चौथो दिन)**

**२०७९ असार १२ गते, आइतबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले बाह्रौं नगर सभाको चौथो दिनको बैठक शुरु गर्नु हुँदै आजको बैठकमा विशेष समयको कार्यसूची भएको जानकारी गराउनु भयो र विशेष समयको छलफलमा भाग लिन चाहने सभासदहरुले नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री गोविन्द दुवालले** कृषि प्रधान देशमा मल अभाव हुनु विडम्बनापूर्ण रहेको बताउनु हुंदै सरकारले मल कारखाना खोल्नुपर्ने, एम.सी.सी. र एस.पी.पी. सम्झौता खारेज भएको घोषणा गर्नुपर्ने र १८ वर्ष पुगेका युवाहरुलाई अनिवार्य सैनिक तालिम दिलाउन नेपाल सरकारको ध्यानाकर्षण गर्नुपर्ने सुझाव दिनु भयो ।

३. **सभासद श्री रामसुन्दर बासीले** छलफलमा भाग लिनु हुंदै एम.सी.सी. र एस.पी.पी. खारेज गराउनु पर्ने, नगरमा ट्राफिक व्यवस्थापन गर्नुपर्ने बताउनु भयो ।

४. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री गंगा लक्ष्मी बमनुले** सिद्ध पोखरी क्षेत्रको नियमित मर्मत संभार गर्नुपर्ने, नगरका मुख्य प्रवेश द्वारहरुमा स्वागत र धन्यवाद बोर्ड व्यवस्था गर्नुपर्ने र सी.सी. क्यामेरा राख्नुपर्ने, सल्लाघारीको चोङ्गा गणेश वन क्षेत्रलाई संरक्षण गर्नुपर्ने, भाज्या पोखरी दक्षिण र पश्चिमको बाटो व्यवस्थित गर्नुपर्ने, इताछेंस्थित चोङ्गा गणेशको द्योछें पुनः निर्माण गर्नुपर्ने, हाकुफो हिटीदेखि सल्लाघारी मुपुजोसम्मको ढल निकास व्यवस्थित गर्नुपर्ने, भक्तपुर क्यान्सर

अस्पतालदेखिहाकुफो हिटीसम्म सडक पेटी निर्माण गरी वृक्षारोपण गर्नुपर्ने, अनियमित निर्माण रोक्नुपर्ने, पसल व्यवसायको फोहर दिउंसो पनि संकलन गर्ने व्यवस्था मिलाउनुपर्ने, इचाडोलको शौचालयलाई पर्यटक

शौचालयको रुपमा विकास गर्नुपर्ने र भ.न.पा. १ नं. वडामा शीघ्र बहुउद्देश्यीय भवन निर्माण गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

५.**सभासद श्री कल्पना सिल्पकार**ले छलफलमा भाग लिनु हुंदै विदेशी पर्यटकहरुलाई सिद्ध पोखरी, रानी पोखरी, भाज्या पोखरी, गुह्य पोखरी, थथु वही र कुथु वही क्षेत्र भ्रमणको वातावरण तयार गर्नुपर्ने, भ.न.पा. क्षेत्रमा भाडामा बस्नेहरुको विवरण तयार गरी घर भाडा कर संकलन गर्नुपर्ने, निर्माण सामग्री अव्यवस्थित ढंगले सडक छेउ र पेटीमा राख्ने प्रवृत्तिलाई नियन्त्रण गर्नुपर्ने, सडक पेटीमा मोटरसाइकल पार्किङ्ग निषेध गर्नुपर्ने विचार राख्नुभयो ।

६.**सभासद श्री पुरुषोत्तम तमखु**ले छलफलमा भाग लिनु हुंदै भू-उपयोग नीति, २०७६ र भू-उपयोग नियमावली २०७९ अनुसार भक्तपुर नगरपालिका क्षेत्रको सम्पूर्ण भूभागलाई तत्काल कृषि र गैर कृषि क्षेत्र निर्धारण गरी जग्गा धनीहरुलाई कित्ताकाट गर्न सिफारिस गर्ने व्यवस्था मिलाउनु पर्ने, उक्त भू-उपयोग ऐन र नियमावलीमा चार आना भन्दा कम कित्ताकाट गर्न नमिल्ने व्यवस्था भएकोले देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा आएको समस्या समाधान गर्न तत्काल पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

७. छलफलमा भाग लिनु हुँदै **सभासदश्री इन्द्रबहादुर प्याथ**लेख्वप अस्पतालको सेवा प्रवाह सम्बन्धी गुनासो व्यवस्थापन गर्नुपर्ने, सडक पेटीमा अवैधानिक रुपमा राखिने पसल र सामग्री नियन्त्रण गर्न आवश्यक जनशक्ति परिचालन गर्नुपर्ने, परम्परागत नाचगान र बाजागाजा सम्बन्धी तालिम संचालन गर्नुपर्ने, विद्युत

प्राधिकरणसंग आवश्यक सम्झौता गरी ६०/४० अनुपातमा खर्च व्यहोर्ने गरी नगर क्षेत्रमा सडक बत्तीको व्यवस्था गर्नुपर्ने, भक्तपुर नगर क्षेत्रको खानेपानीको मुहान नगरकोट मुहान पोखरी क्षेत्रलाई जलाधार क्षेत्र घोषणा गराउन आवश्यक पहल गर्नुपर्ने सुझाव दिनुभयो ।

८. छलफलमा भाग लिनु हुंदै**सभासद श्री कृष्णगोपाल चौगुठी**ले हनुमन्ते खोलाको ब्रम्हायणीदेखि सल्लाघारीसम्मका सबै घाटहरु व्यवस्थित गर्नुपर्ने र नदीको प्रवाहलाई अवरोधरहित बनाई डुवान समस्या समाधान गर्नुपर्ने सुझाव दिनुभयो ।

९. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले प्रधानमन्त्री रोजगार कार्यक्रमलाई प्रभावकारी बनाउन अनुगमन र नियमन गर्नुपर्ने, संघ र प्रदेश सरकारबाट प्रदान गरिने युवा लक्षित सीपमूलक तालिमको सदुपयोग गरी युवा स्वरोजगारको अवसर सिर्जना गर्नुपर्ने, खानेपानीको उचित व्यवस्थापनको लागि काउखालीलाई जिम्मेवार बनाउनु पर्ने, उपभोक्ता समितिलाई आवश्यक प्रशिक्षणको व्यवस्था गरी जिम्मेवार बनाउनु पर्ने, भ.न.पा. ७, हनुमानघाटस्थित परोपकार संस्थाभित्रको नारायण मन्दिरसम्बन्धी आवश्यक उत्खनन र अनुसन्धान गर्नुपर्ने, झर्तिला क्षेत्रको सिमांकन गर्नुपर्ने सुझाव दिनुभयो ।

१०. छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्यामसुन्दर मातां**ले का. शोभा प्रधाधनको असामयिक निधनप्रति श्रद्धाञ्जली तथा परिवारजनमा समवेदन प्रकट गर्दै सभाबाट शोक प्रस्ताव पारित गर्नु पर्ने, एम.सी.सी. र एस.पी.पी.को विरोध गर्नुपर्ने, भू–उपयोग ऐन र नियमावलीबाट सिर्जित समस्या समाधान गर्नुपर्ने, नगरकोट सडकमा व्यवस्था गरिएको सडक बत्ती व्यवस्थित गर्नुपर्ने र नःपुखुस्थित सार्वजनिक शौचालय सदुपयोग गर्नुपर्ने सुझाव दिनु भयो ।

११. छलफलमा भाग लिनु हुंदै **सभासद श्री नारायण प्रसाद त्वानाबासु**ले पर्यटकीय क्षेत्र टौमढीको फोहर व्यवस्थापनर पार्किङ्ग व्यवस्थापन गर्नुपर्ने, सुकुलढोका क्षेत्रको माछा पसल व्यवस्थापन गर्नुपर्ने, पेटी

पेटीको अनधिकृत पसलहरु हटाउनु पर्ने, टौमढी क्षेत्रमा सवारी निषेध व्यवस्था पुनः लागू गर्नुपर्ने, रसायनिक मलको सहज उपलब्धताको लागि पहल गर्नुपर्ने र भ.न.पा. ५ भेलुखेलस्थित पुरानो कम्पोष्ट प्लान्ट क्षेत्रलाई शीघ्र सदुपयोग गर्नुपर्ने सुझाव दिनु भयो ।

१२. छलफलमा भाग लिनु हुँदै **सभासद श्री कृष्णनारायण दुमरुले** नेपाल सरकारबाट प्राप्त हुने अनुदान रकम वृद्धि गराउन आवश्यक पहल गराउनु पर्ने, कमल विनायक प्लानिङ्गमा पिच हुन बांकी सडक शीघ्र सम्पन्न गर्नुपर्ने, निर्माण सम्पन्न लिइसकेका निजी घरहरुले स्वरुप परिवर्तन गरेमा आवश्यक कार्वाही गर्नुपर्ने, नगरकोट सडक खण्डमा सडकको दायाँ बायाँ पेटीको व्यवस्था गर्नुपर्ने, भ.न.पा. कमलविनायक क्षेत्रको ट्राफिक जामको व्यवस्थापन गर्नुपर्ने सुझाव दिनु भयो ।

१३.छलफलमा भाग लिनु हुंदै **सभासद श्री सूर्य प्रसाद श्रेष्ठले** हनुमन्ते खोला क्षेत्रमा फोहर फाली खोलालाई सांघुरो बनाइराखेकोले यसको नियन्त्रण गर्नुपर्ने, स्वच्छ र सफा खानेपानी वितरण गराउन काउखालीलाई जिम्मेवार बनाउनु पर्ने, सैनिक आवासीय महाविद्यालय क्षेत्रमा आकाशे पुल व्यवस्था गर्नुपर्ने, संघीय सरकार र प्रदेश सरकारको अनुदानबाट संचालन हुने विकास निर्माण कार्यको न.पा.बाटअनुमागन र नियमन गर्नुपर्ने, नगर क्षेत्रमा रहेको खुल्ला र पर्ति जग्गाहरुमा टहरा बनाई आयश्रोत बढाउनु पर्ने, पार्किङ्ग शुल्क विद्युतीय माध्यमबाट संकलन गर्नुपर्ने, पसल, व्यवसाय दर्ता गर्दा घरभाडा कर लिनुपर्ने, धेरै फोहर उत्पादन गर्ने व्यवसायमा थप सफाई शुल्क लगाउनु पर्ने, धुवाँ र ध्वनी प्रदुषण गर्ने उद्योगहरुलाई प्रदुषण नियन्त्रण गराउनु पर्ने, भ.न.पा. १ स्थित १०८ रोपनी जग्गाको चारैतर्फ हरियाली व्यवस्था गर्नुपर्ने र अरनिको राजमार्गपट्टि भक्तपुरका मुख्य मुख्य सम्पदाहरुको तस्वीर राख्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१४. छलफलमा भाग लिनु हुंदै **सभासद श्री मञ्जु मैया लाखाले** खानेपानी चुहावट नियन्त्रण गर्नुपर्ने, स्वच्छ सफा र पिउनयोग्य पानी वितरण गराउन काउखालीलाई जिम्मेवार बनाउनु पर्ने, का. शोभा प्रधानको निधन सम्बन्धी शोक प्रस्ताव पारित गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धिराम अवालले** खानेपानी पिउन योग्य बनाउन पहल गर्नुपर्ने, खानेपानीको समान वितरणको व्यवस्था मिलाउनु पर्ने, खानेपानी चुहावत नियन्त्रण र ढल व्यवस्थापन गर्नुपर्ने, मेलम्चीको पानी नगरका १० वटै वडामा समानुपातिकवितरणको व्यवस्था मिलाउनु पर्ने, नगरका सडकहरुको खाल्डा खुल्डी पुर्ने व्यवस्था मिलाउनु पर्ने, नगर क्षेत्रका अव्यवस्थित तार, केबुल व्यवस्थित गर्नुपर्ने, शान्ति सुरक्षा र उच्छृंखल गतिविधि नियन्त्रण गर्न विभिन्न स्थानमा सी.सी. क्यामेरा राख्नुपर्ने,सार्वजनिक पर्ति जग्गा र खुल्ला ठाउं संरक्षण गर्नुपर्ने, परम्परागत शैलीमा निजी घर निर्माण गर्ने नगरवासीलाई दिंदै आएको अनुदान रकम वितरण कार्यलाई निरन्तरता दिनुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना शीघ्र सम्पन्न गर्नुपर्ने, नगर क्षेत्रका सार्वजनिक पुस्तकालयहरुलाई प्रभावकारी ढंगले संचालनमा ल्याउन आवश्यक सहयोग गर्नुपर्ने, अरनिको सभाभवन निर्माण शुरु गर्नुपर्ने, छुमा गणेश द्योछेंको पुनः निर्माण गर्नुपर्ने, भ.न.पा. १० खरिपाटी आर्मी क्याम्पबाट पश्चिममा रहेको कुलो बाटोमा घर बनाउनेहरुलाई नक्सा नियम अनुसार मापदण्ड पालना गराउनु पर्ने सुझाव दिनुभयो ।

१६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री जितेन्द्र मुनंकर्मीले** नेपाल मजदुर किसान पार्टीका अध्यक्ष श्री नारायणमान बिजुक्छेंका जीवन संगीनी संघर्षशील महिला नेतृ स्व. शोभा प्रधानको संक्षिप्त जीवनी र उहांको क्यान्सर रोगको उपचार सम्बन्धी विवरण सभामा प्रस्तुत गर्नुभयो ।

१७. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

१८. सभाअध्यक्ष प्रजापतिले सभा पुनः शुरु गर्नुहुँदै भक्तपुर नगरपालिकाको आ.व. २०७९/०८० को बजेटमाथिको छलफलमा बोल्न चाहनु हुने सभासदहरुलाई नाम टिपाउन हुन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

१९. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री हेरा ख्याजु**ले संघ र प्रदेशबाट विनियोजन गरेका बजेट समयमै निकासा प्राप्त गरी समयमै कार्यान्वयन गर्नुपर्ने, आ.व. २०७८/०७९ को बजेटमा विनियोजन गरेको शीत भण्डार, टेबुलटेनिस हल निर्माण, शहीद स्मृति खेल मैदान निर्माण, सांस्कृतिक प्रदर्शन केन्द्र निर्माण नभएको विषयमा प्रष्ट पार्नुपर्ने र भ.न.पा. ७ स्थित पांचाख्यो क्षेत्रलाई विचरण पार्कको रुपमा व्यवस्थित गर्न आवश्यक बजेट विनियोजन गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२०.छलफलमा भाग लिनु हुंदै **सभासद श्री पुरुषोत्तम तमखु**ले भ.न.पा. ४ स्थित इखालाछी मठ पुनः निर्माण सम्पन्न गर्न बजेट अपर्याप्त भएको, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना आ.व. २०७९/०८० भित्र सम्पन्न गर्न २० करोड बजेट अपुग भएको, न.पा.को प्रस्तुत बजेटमा पूँजीगत खर्च भन्दा चालू खर्च अत्यधिक भएकोले सन्तुलन कायम गर्नुपर्ने सुझाव दिनुभयो ।

२१. छलफलमा भाग लिनु हुंदै **सभासद श्री जितेन्द्र मुनंकर्मी**ले नगरपालिकाको आन्तरिक आय वृद्धि गरी आत्मनिर्भर बजेट निर्माणमा जोड दिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

२२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री हरिरत्न गोर्खाली**ले वडा कार्यालयको लागि छुट्याइएको बजेट अपुग भएको, पार्किङ्गको लागि टहरा निर्माणको लागि छुट्याइएको बजेट अपुग भएको, जग्गा खरिदको लागि विनियोजित रकम अपुग भएको र भक्तपुर दरवार क्षेत्रस्थित लाँपाङ द्योग वरिपरिको बाटो मर्मत संभार गर्न बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनु भयो ।

२३. छलफलमा भाग लिनु हुँदै **सभासद श्री रामसुन्दर बासी**ले आ.व.२०७९/०८० को बजेटमा भौतिक निर्माणका साथै जनताको चेतनास्तर विकास गर्न सेमिनार, गोष्ठी, कार्यक्रम, प्रदर्शनीको लागि पनि बजेट विनियोजन गर्नुपर्ने, ख्वप अस्पतालमा मानसिक रोग उपचारको लागि विशेषज्ञ जनशक्ति व्यवस्थापन गर्नुपर्ने, लागू पदार्थ दुर्व्यसन नियन्त्रण गर्न बजेट विनियोजन गर्नुपर्ने, वडा वडाका सार्वजनिक पुस्तकालयको स्तर उन्नतिको लागि बजेट विनियोजन गर्नुपर्ने सुझाव दिनु भयो।

२४. सभा अध्यक्ष प्रजापतिले बजेटमाथिको छलफल सकिएको जानकारी गराउनु हुँदै नेपाल मजदुर किसान पार्टीका अध्यक्ष नारायणमान बिजुक्छेंका जीवनसंगिनी नेपाल क्रान्तिकारी महिला संघका केन्द्रीय कोषाध्यक्ष एवम् नेपाल क्रान्तिकारी शिक्षक संघका केन्द्रीय सदस्य स्व. शोभा प्रधानको संक्षिप्त जीवनी सभामा प्रस्तुत गर्न भ.न.पा. २ नं. वडाका वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र वडाअध्यक्ष बासुकलाले का. प्रधानको जीवनी वाचन गरेर सुनाउनु भयो।

२५.सभा अध्यक्ष प्रजापतिले मृतक का. प्रधानको सम्झनामा एक मिनेट मौनधारण गर्ने जानकारी गराउनु हुँदै सभाले १ मिनेट मौन धारण गऱ्यो।

२६. सभाअध्यक्ष प्रजापतिले का. शोभा प्रधानको असामयिक निधनप्रति शोक प्रस्ताव सभामा प्रस्तुत गर्न कार्यपालिका सदस्य श्री रोशनमैया सुवाललाई समय प्रदान गर्नुभयो र कार्यपालिका सदस्य सुवालले शोक प्रस्ताव वाचन गरी सभामा प्रस्तुत गर्नुभयो।

२७. सभाअध्यक्ष प्रजापतिले प्रस्तुत शोक प्रस्ताव निर्णयार्थ सभामा पेश गर्नुभयो र सभाले उक्त शोक प्रस्ताव सर्वसम्मतिले पारित भएको जानकारी गराउनु भयो।

२८. सभा अध्यक्ष प्रजापतिले सभाको अर्को बैठक मिति २०७९।३।१४ गते, मंगलबार, दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो।

**भक्तपुर नगरपालिकाको बाह्रौं नगर सभा (पाँचौं दिन)**

**२०७९ असार १४ गते, मंगलबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले बाह्रौं नगर सभाको पाँचौ दिनको बैठक शुरु गर्नु हुँदै आजको बैठकमा विशेष समयको व्यवस्था गरिएको जानकारी गराउनु हुंदै छलफलमा भाग लिन चाहने सभासदहरुको नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री गोविन्द दुवालले** भक्तपुर नगर क्षेत्रको खानेपानी समस्याको दिगो समाधानको लागि नगरकोटसँगैको गडगडे खोलाको पानी सुरुङ्ग बनाई ल्याउन पहल गर्नुपर्ने, वडा नं. ६ हनुमान भट्टासम्म ढल निकासको लागि आवश्यक पाइप विछ्याउनु पर्ने र सफाई मजदुरहरुलाई शिष्ट, सभ्य र जिम्मेवार बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

३. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री सिद्धिराम अवालले** बजेटमा व्यवस्था गरेर कार्यान्वयन नभएका योजनाहरुबारे स्पष्ट पार्नुपर्ने, विज्ञान र प्रविधि विकासको लागि पनि बजेट विनियोजन गर्नुपर्ने, स्थानीय कृषकहरुबाट नै विउ, विजन उत्पादन गराउनु पर्ने, वधशाला निर्माण गर्नुपर्ने, सहकारी संस्थाहरुको नियमित अनुगमन र नियमन गर्नुपर्ने तथा कृषि सहकारीलाई पनि अन्य सहकारी जस्तै वर्गीकरण गरी कर निर्धारण गर्नुपर्ने सुझाव दिनु भयो ।

४. छलफलमा भाग लिनु हुंदै **सभासद श्री जितेन्द्र मुनंकर्मीले** नगरपालिका कार्यालयमा सहायता कक्षको व्यवस्था गर्नुपर्ने, नगरकोट मार्ग व्यवस्थित र सुरक्षित गर्न ट्राफिक व्यवस्थापन गर्नुपर्ने, सुधारिएको शव दाह गृह प्रभावकारी रुपमा संचालन गर्न आवश्यक व्यवस्था मिलाउनु पर्ने, ख्वप अस्पतालबाट प्रभाह हुने सेवा सुविधा व्यवस्थित गर्नुपर्ने सुझाव दिनु भयो ।

५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्णलाल किसीले** फोहर मैला प्रशोधन केन्द्र पूर्वाधार निर्माण कार्यको लागि छुट्याइएको बजेट अपुग भएको, फोहर मैला प्रशोधन केन्द्र नगरका अन्य वडाहरुमा पनि व्यवस्था गर्नुपर्ने, कृषि विउ-विजन वितरण व्यवस्थित गर्न अनुगमन र नियमन गर्नुपर्ने, किटनाशक औषधी वा विषादी वितरण गर्ने पसलहरुको निरीक्षण गरी नियमन गर्नुपर्ने, घर नक्सा पास सम्बन्धी मापदण्ड पूर्ण रुपमा लागू गर्नुपर्ने, व्यवसायीक कृषकहरुलाई सहुलियत दरमा ऋणको व्यवस्था गर्नुपर्ने,

कृषि अनुदानको सदुपयोगको व्यवस्था मिलाउनु पर्ने, अरनिको राजमार्गको सूर्यविनायकदेखि जगातिसम्म सर्भिसलेन सडक पिच गर्न पहल गर्नुपर्ने, नगरका सबै क्षेत्रका सम्पदाहरुको संरक्षण गर्नुपर्ने, ऐतिहासिक जगाति पुलको पुनः निर्माण गर्नुपर्ने, जगाति सत्तलको पुनः निर्माणको लागि बजेट छुट्याउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री राजकुमार सिल्पकार**ले नगरको सन्तुलित विकासको लागि कोने( नगरको तल्लो क्षेत्र) क्षेत्रमा पनि सरकारी कार्यालय संचालन गर्नुपर्ने, मठ, मन्दिरबाट हराइएका मूर्ति र तोरणहरु फिर्ता ल्याउन पहल गर्नुपर्ने, सफाई मजदुरलाई पूर्ण परिचालन गर्नुपर्ने, बाटो फराकिलो पार्दा बाटोको बीचमा पर्न गएका विजुलीका पोलहरु सार्न पहल गर्नुपर्ने, खानेपानी चुहावत नियन्त्रण गर्नुपर्ने, बजार व्यवस्थापन प्रभावकारी बनाउनु पर्ने, नगर क्षेत्रभित्र भाडामा बस्नेहरुसंग पनि सफाई शुल्क लिनु पर्ने, जग्गा धनी पुर्जाको प्रतिलिपीको लागि सिफारिस प्रदान गर्दा आवश्यक शुल्क लिनुपर्ने सुझाव दिनु भयो ।

७. छलफलमा भाग लिनु हुंदै **सभासद श्री सूर्यप्रसाद श्रेष्ठ**ले हनुमन्ते खोलाको करिडोरको मापदण्ड व्यवस्थित गर्नुपर्ने, पी.आई.डी.ले व्यवस्था गरेको ढल मापदण्डमा परेकोले त्यसको सुरक्षाको लागि आवश्यक व्यवस्था मिलाउनु पर्ने, सडक बालबालिकाहरुलाई नियन्त्रण गर्नुपर्ने, अनियमित निर्माण रोक्नु पर्ने, नगरपालिकाद्वारा संचालित संघ संस्थाहरुमा जनप्रतिनिधिहरुको परिचयात्मक कार्यक्रम राख्नुपर्ने, कर छुटको म्याद श्रावण महिनासम्म थप्नु पर्ने, प्रधानमन्त्री रोजगार कार्यक्रम प्रभावकारी बनाउनु पर्ने, सडक पेटीको रुख कटिङ्गको व्यवस्था गर्नुपर्ने, अवैधानिक निजी प्लानिङ्ग र प्लटिङ्ग रोक्नु पर्ने सुझाव दिनु भयो ।

८. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण नारायण दुमरु**ले सबै वडाहरुमा फोहर मैला प्रशोधन केन्द्र संचालन गर्नुपर्ने, ख्वप विश्वविद्यालयको पूर्वाधार बन्दोबस्त गर्नुपर्ने, ब्यासीदेखि लान्चा फल्चासम्मको ट्राफिक जाम हटाउन पहल गर्नुपर्ने, देकोचो चोकदेखि खासाङ्ग खुसुङ्ग खोलासम्म चांगु जाने बाटोको

लगत कट्टा भएको जग्गामा सडक विस्तार गर्न पहल गर्नुपर्ने, कमलविनायक क्षेत्रको जग्गामा फुलबारी बनाउनु पर्ने, विद्युतीय तार, अन्य तार र केबुललाई भूमिगत गर्न बजेट छुट्याउनु पर्ने, भ.न.पा. १० वडाको उत्तरी भेगमा भइरहेको अव्यवस्थित घर निर्माण रोक्नुपर्ने, राजकुलोको क्षति न्यूनीकरण गर्न पहल गर्नुपर्ने, ठेलागाडा व्यापारीलाई नियन्त्रण गर्नुपर्ने, सडक पेटी अतिक्रमण रोक्नुपर्ने, भ.न.पा. र चा.न.पा.को सडक मापदण्ड फरक फरक भएको विषयमा समन्वय गर्नुपर्ने सुझाव दिनु भयो ।

९. छलफलमा भाग लिनु हुंदै **सभासद श्री कृष्ण सुन्दर प्रजापति**ले माटोको भांडा बनाउने परम्परागत पेशा, सिप र ज्ञानलाई निरन्तरता दिन आवश्यक व्यवस्था मिलाउनु पर्ने, माटोको भांडा सम्बन्धि म्यूजियमको व्यवस्था गर्नुपर्ने र नयाँ पुस्तालाई माटोको भांडा बनाउने पेशामा आकर्षित गर्न व्यवस्था मिलाउनु पर्ने सुझाव दिनु भयो ।

१०. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** सुमित्रा बोहजुले च्याम्हासिंहदेखि जगातिसम्मको सडकमा ट्राफिक व्यवस्था गर्नुपर्ने, मचो भैरवबाट हनुमन्ते खोला जाने खुड्किला मर्मत गर्नुपर्ने, स्वास्थ्य स्वयं सेविकाहरुलाई रक्तचाप परीक्षण लगायत आधारभूत स्वास्थ्य सेवा सम्बन्धीतालिम दिनुपर्ने, समय समयमा स्वास्थ्य शिविर र जनचेतनामूलक कार्यक्रम संचालन गर्नुपर्ने, बालमैत्री उद्यान र पुस्तकालयको व्यवस्था गर्नुपर्ने, विद्यार्थी संख्याको आधारमा शिक्षकहरुको व्यवस्था मिलाउनु पर्ने, ख्वप अस्पतालको प्रयोगशालालाई प्रभावकारी बनाउनु पर्ने सुझाव दिनु भयो ।

११. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** रामसुन्दर बासीले नयाँ आवास क्षेत्रमा पुरानो नगर क्षेत्रको जस्तै स्वरुप दिन ईटा विछ्याउने, पाटी, इनार, दबु, मठ, मन्दिर निर्माण गर्नुपर्ने, स्कूल अफ आर्ट स्थापना गरी नृत्यकला, चित्रकला, गीत, संगित, वक्तृत्वकला, साहित्यसम्बन्धी प्रशिक्षण दिनुपर्ने, एक विद्यालयय एक सम्पदा नीतिलाई प्रभावकारी ढंगले संचालन गर्नुपर्ने, विद्यालय क्षेत्र सुरक्षित बनाउन ट्राफिक चिन्हको व्यवस्था गर्नुपर्ने, नगरका खुल्ला क्षेत्र, पर्ति जग्गा, सार्वजनिक जग्गा र सरकारी जग्गा संरक्षण र सम्वर्द्धन गर्नुपर्ने, यस नगरका राष्ट्रिय मेलमिलाप केन्द्रमा सूचिकृत मेलमिलापकर्ताहरुको सूची बनाउनु पर्ने, प्रत्येक वडामा विवाद समाधानको लागि न्याय समिति गठन गर्नुपर्ने, भक्तपुर नगरपालिका प्रज्ञा प्रतिष्ठान स्थापना गर्नुपर्ने, नगरपालिका कार्यालय र सबै वडा कार्यालयहरुबाट मुस्कानसहित सेवा दिनुपर्ने, कार्यालयमा अधिक प्रयोग हुने सेवा सम्बन्धी निवेदनहरु निःशुल्क वितरण गर्नुपर्ने, ख्वप अस्पतालको आधिकारिक वेभसाइट र फेसबुक पेज बनाउनु पर्ने, नगरका मुख्य मुख्य क्षेत्र नगरपालिका कार्यालय र वडा कार्यालयहरुमा फ्रि वाईफाईको व्यवस्था गर्नुपर्ने, तालिमको लागि दरखास्त आह्वान गरेर तालिम संचालन नगर्ने प्रवृत्तिको अन्त्य गर्नुपर्ने, नगरवासीले सहजरुपमा गुनासो र सुझाव दिन सकिने गरी हेलो भक्तपुर नगरपालिका पोर्टल संचालन गर्नुपर्ने, नगरका सबै वडाबाट प्रदान गरिने सेवा सुविधामा एकरुपता ल्याउन पहल गर्नुपर्ने र वडा सचिव र वडाका जनप्रतिनिधिहरुलाई समय समयमा कानून सम्बन्धी अध्यावधिक तालिम संचालन गर्नुपर्ने सुझाव दिनु भयो ।

१२. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** इन्द्रबहादुर प्याथले टौमढी क्षेत्र, दत्तात्रय क्षेत्र र च्याम्हासिंहदेखि भार्वाचोसम्म बत्तीको व्यवस्था गर्नुपर्ने, नगरका परम्परागत सीप र उत्पादन संरक्षणको नीति लिनु पर्ने, भ.न.पा. ९, साकोलानस्थित पालिफ पाटी पुनः निर्माण गर्नुपर्ने, नगरका सबै वडामा शिशु स्याहार केन्द्र

संचालन गर्न बजेट विनियोजन गर्नुपर्ने, कमलविनायक बसपार्कदेखि नवदुर्गा मन्दिर, गछेंसम्मको बाटो ढुंगा छपाई गर्नुपर्ने, कमलविनायक पोखरी वरिपरि हुने विकृतिहरु नियन्त्रण गर्न पहल गर्नुपर्ने र वडा निरीक्षकहरुलाई प्राविधिक र कानुन सम्बन्धी तालिम दिनुपर्ने बताउनु भयो ।

१३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** हेरा ख्याजुले खँचा पोखरी संरक्षण गर्नुपर्ने, झर्तिला अवस्थित वन किवा पुखु उत्खनन गरी पुनः निर्माण गर्नुपर्ने, झर्तिलाको सिमांकन गरी बाटो खोल्नुपर्ने, व्यवसाय कर समयानुकुल वृद्धि गर्नुपर्ने, शिशु स्याहार केन्द्रलाई पूर्व प्रा.वि. मा स्तरोन्नती गर्नुपर्ने, कृषि र भेटनरी शाखा थप्नुपर्ने, कौशी खेती र कम्पोष्ट मल सम्बन्धी तालिम दिनुपर्ने, हार्डवेयर पसलका सडक पेटीमा राखिने निर्माण सामग्री हटाउनु पर्ने, फोहर उत्पादन न्यूनीकरण गर्न फोहर छुट्याउने बाल्टिन वितरण गर्नुपर्ने बताउनु भयो ।

१४. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** हरिरत्न गोर्खालीले भिमसेन पाटी पुनः निर्माण गर्नुपर्ने, खुल्ला ब्यायाम स्थलमा प्रशिक्षक राखी व्यवस्थित रुपमा संचालन गर्नुपर्ने, कर्मचारीहरुलाई अनुशासित, मर्यादित, कर्तव्यनिष्ठ र जवाफदेही बनाउन आवश्यक पहल गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१५. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** मञ्जुमैया लाखाजुले सांस्कृतिक संग्रहालय निर्माणको लागि बजेट विनियोजन गर्नुपर्ने, भक्तपुर पेपर क्राफ्टलाई पुनः संचालनमा ल्याउनु पर्ने, जनप्रतिनिधि र कर्मचारीको क्षमता विकास सम्बन्धी तालिमको लागि बजेट विनियोजन गर्नुपर्ने, नगर क्षेत्रका तार र केवलहरु व्यवस्थित गरी भूमिगत गर्नुपर्ने, नगरपालिकाद्वारा पारित ऐन, नियमावली, विनियम, कार्यविधि, निर्देशिका र नीतिहरु अध्ययन गर्ने वातावरण तयार गर्नुपर्ने, वडा कार्यालयहरु व्यवस्थित गर्नुपर्ने, फुटपाथमा अव्यस्थित ढंगले राखिएका पसल र सामग्रीहरु अनलाइन नक्सा पास र कर तिर्ने व्यवस्था मिलाउनु पर्ने, खौमा जागृति स्कूल अगाडिको फोहर संकलन केन्द्र हटाउनु पर्ने, नगरपालिकामा सहायता कक्ष व्यवस्था गर्नुपर्ने, इन्द्रायणी मन्दिर अगाडिको ढुंगेधारा र व्यासीको तीन धाराको निकास खोल्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

१६. छलफलमा भाग लिनु हुंदै **सभासद श्री श्याम सुन्दर मातां**ले शहीद स्मृति खेल मैदानमा कभर्ड हल निर्माण गर्नुपर्ने, भक्तपुर पेपर क्राफ्टलाई व्यवस्थित रुपले संचालन गर्नुपर्ने, भक्तपुर क्यान्सर अस्पतालदेखि हाकुफो हिटीसम्मको सडक पेटी व्यवस्थित गर्नुपर्ने, पाक्षिक सरसफाई नगरपालिकाको विभिन्न कार्यक्रमलाई टेवा पुग्ने हिसाबले संचालन गर्नुपर्ने, ख्वप कलेजका विद्यार्थीहरुलाई गृहकार्य र अ्यासिसमेन्ट कार्य धेरै भएको भन्ने गुनासोको सम्बोधन गर्नुपर्ने, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा भू–उपयोग ऐन र नियमावलीबाट सिर्जित अन्यौल निवारणको लागि तत्काल पहल गर्नुपर्ने,

न:पुखुदेखि खौमासम्मको बाटो सांघुरो भई दैनिक ट्राफिक जामका कारण आवात जावतमा समेत वाधा पुगेकोले खौमाको पार्किङ्ग हटाई न:पुखु वरपर पार्किङ्गको व्यवस्था गर्नुपर्ने, नगरपालिकाबाट विदेशीहरुलाई वितरण गरिने ब्रोसरहरुमा बौद्ध सम्पदाको तस्विर पनि समावेश गर्नुपर्ने, अनियमित र अवैधानिक रुपमा संचालित सहकारी संस्थाहरुलाई अनुगमनबाट पेश भएको प्रतिवेदन अनुसार कार्वाही गर्नु पर्ने विचार राख्नु भयो ।

१७. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री** रिता फसिकवाले ५ नं. वडा कार्यालयको नयाँ भवन निर्माण गर्नुपर्ने,भ.न.पा. ५ मा शिशु स्याहार केन्द्रको सचालन गर्नुपर्ने, टिबुक्छेंको जुजु फल्चा पुनः निर्माण गर्नुपर्ने, साकोथामा रहेको सफुकुथी (धारा भएको ठाउंको) फल्चा पुनः निर्माण गर्नुपर्ने, क्वाछेंको फल्चा पुनः निर्माण गर्नुपर्ने, वडाबासीहरुलाई नै फोहर व्यवस्थापनबारे तालिम दिनुपर्ने, पुरानो कम्पोष्ट प्लान्टमा तरकारी बजार व्यवस्थापन गरी बांकी क्षेत्रमा बहुउद्देश्यीय भवन बनाउनुपर्ने, भ.न.पा. ५ भिमसेन स्थानमा संचालित सुर्खी कारखानालाई अन्यत्र स्थानान्तरण गराउनु पर्ने, पपर दम्फोमा हरियाली व्यवस्था गरी बगैंचाको विकास गर्नुपर्ने, महिला स्वास्थ्य स्वयंसेविकाहरुलाई डिजिटल परिचयपत्र व्यवस्था गर्नुपर्ने, टौमढी र दत्तात्रय क्षेत्रमा पार्किङ्ग निषेध गर्नुपर्ने, ख्वप अस्पतालका कर्मचारीहरुलाई शिष्ट र मर्यादित बनाउनु पर्ने विचार व्यक्त गर्नुभयो ।

१८. विशेष समयको छलफलमा भाग लिनु हुंदै **सभासद श्री** गंगालक्ष्मी बमनुले हनुमान पाटी अगाडिको ढुंगेधाराको पानी शुद्ध गर्ने व्यवस्था मिलाउनु पर्ने, सल्लाघारी हनुमन्ते खोलाको पुलदेखि निकोसेरा जाने खोलाको पुलसम्मको सडक पेटी व्यवस्थित गर्नुपर्ने, सल्लाघारीस्थित १०८ रोपनी जग्गा क्षेत्र वरिपरिका सडक व्यापारीहरुले फोहर गर्ने प्रवृत्ति बढेकोले यसको नियन्त्रण गर्नुपर्ने सुझाव दिनुभयो ।

१९. सभा अध्यक्ष प्रजापतिले विशेष समयमा सभासदहरुले उठाउनु भएका खानेपानी, सहकारी संस्था, देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना, शहीद स्मृति खेल मैदान, शिशु स्याहार केन्द्रलगायत समसामयिक विषयमा प्रष्ट पार्नुभयो ।

२०. सभा अध्यक्ष प्रजापतिले सभाको बैठक २० मिनेटको लागि स्थगित भएको जानकारी गराउनु भयो ।

२१. सभा अध्यक्ष प्रजापतिले बैठक पुनः सुचारु गर्नु हुंदै भक्तपुर नगरपालिकाको आ.व.२०७९/०८० को छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

२२. बजेटमाथिको छफलमा भाग लिनु हुंदै सभासद श्री गोविन्द दुवालले छुमा गणेश द्योछें पुनः निर्माणको लागि बजेट अपुग भएकोले थप्नु पर्ने र नगर सभासदहरुलाई पोशाकको व्यवस्था गर्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

२३. छलफलमा भाग लिनु हुंदै **सभासद श्री** सूर्यप्रसाद श्रेष्ठले सामुदायिक विद्यालयहरुलाई विद्यालय छुट्याई बजेट व्यवस्था गर्नुपर्ने, सल्लाघारी क्षेत्रको सडकको लागि बजेट विनियोजन गर्नुपर्ने, १० वटै वडालाई समान बजेट वितरण गर्दा ठूलो भौगोलिक क्षेत्रको वडालाई मर्का परेको, प्रदेश र संघको बजेट विनियोजन कुन कुन शीर्षकमा हो ? प्रष्ट पार्नुपर्ने, शेयरको लागि छुट्याइएको बजेट के को शेयरको लागि हो ? प्रष्ट पार्नुपर्ने, डम्पिङ्ग साइटको लागि बजेट व्यवस्था गर्नुपर्ने र क्यान्सर अस्पतालदेखि हाकुफो हिटीसम्मको सडक पेटी निर्माणको लागि बजेट छुट्याउनु पर्ने सुझाव दिनुभयो ।

२४. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री** नारायण प्रसाद त्वानाबासुले भ.न.पा.५ नं. वडा कार्यालय रहेको भगवति गुठीको जग्गा खरिद प्रक्रिया अगाडि बढाउनु पर्ने, सफाई कर बढाउनु पर्ने, घर बहाल कर प्रभावकारी रुपमा संकलन गर्नुपर्ने, भक्तपुर नगरपालिकाबाट वहालमा दिएका पसलहरुबाट व्यवसाय करका साथै वहाल कर पनि लिनुपर्ने विचार व्यक्त गर्नुभयो ।

२५. बजेटमाथिको छलफलमा भाग लिनु हुंदै **सभासद श्री** हेरा ख्याजुले दर्ता नभएका पसल व्यवसाय दर्ता गराएर करको दायरा बढाउनु पर्ने, अंग्रेजीमा सिफारिस दिंदाको लिने शुल्क घटाउनु पर्ने, भ.न.पा.ले छुट्टै घर बहाल कर तोकी संकलन गर्नुपर्ने,मापदण्ड अनुसार घर निर्माण गरेको घरको प्रत्येक वर्ष दस्तुर लिन नहुने र केबुल तारहरु व्यवस्थित गर्नुपर्ने सुझाव दिनु भयो ।

२६.सभा अध्यक्ष प्रजापतिले बजेटमाथिको छलफलमा सभासदहरुले उठाएका विषयहरुमा प्रष्ट पार्नु हुंदै भ.न.पा. २ का वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलालाई भक्तपुर नगरपालिकाद्वारा संचालित देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजनामा भू–उपयोग ऐन, २०७६ र भू–उपयोग नियमावली, २०७९ मा न्यूनत्तम क्षे.फ. १३० व.मि. भन्दा कम क्षे.फ. हुने गरी कित्ताकाट गर्न नपाइने भन्ने व्यवस्थाबाट सिर्जित समस्या सामाधानको लागि काठमाण्डौ उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड, २०६४ अनुसार विकसित घडेरीको न्यूनत्तम मोहडा कम्तिमा ६ मिटर र क्षे.फ. ८० व.मि. (०–२–२–०) व्यवस्था गर्ने सम्बन्धी प्रस्ताव सभाबाट स्वीकृत गरी भू–व्यवस्था शहकारी तथा गरिबी निवारण मन्त्रालय, शहरी विकास मन्त्रालय र काठमाण्डौ उपत्यका विकास प्राधिकरणलाई

अनुरोध गर्ने प्रस्ताव पेश गर्न समय प्रदान गर्नुभयो र वडा अध्यक्ष बासुकलाले सभामा प्रस्ताव पेश गर्नुभयो :

२७. सभा अध्यक्ष प्रजापतिले निम्नानुसारको उक्त प्रस्ताव पारित गर्न सभामा पेश गर्नुभयो र सर्वसम्मतिले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नुभयो :

उपरोक्त सम्बन्धमा नेपाल सरकार सहरी विकास मन्त्रालयबाट स्वीकृत भए बमोजिम मिति २०७२।१०।२५गते प्रकाशित भएको नेपाल राजपत्र अनुसार भक्तपुर जिल्ला, भक्तपुर नगरपालिका वडा नं. ५क, १०क, १५क, १५ख, १५ग, १५ङ, १५च, र १५ज को करिब १६५३ रोपनी जग्गामा संचालन हुने गरी देको, मिवा, इतापाके जग्गा एकीकरण आयोजना भक्तपुर नगरपालिकाबाट संचालन हुँदै गरेको र आयोजना स्वीकृत भएको समयमा काठमाण्डौ उपत्यकाभित्रका नगरपालिका र नगरोन्मुख गा.वि.स.हरुमा गरिने निर्माण सम्बन्धी मापदण्ड २०६४ अनुसार विकसित घडेरीको न्यूनत्तम मोहडा कम्तीमा ६ मिटर र क्षेत्रफल ८० व.मि. (०-२-२-०) व्यवस्था भएकोमा सोही व्यवस्था बमोजिम यस आयोजनाको डि.पि.आर. तयार भै सो डि.पि.आर.को आधारमा आयोजना स्वीकृत भई आयोजना संचालनको क्रममा सोही व्यवस्था अनुसार आयोजना क्षेत्रको विकसित घडेरीको न्यूनत्तम मोहडा कम्तीमा ६ मिटर र क्षेत्रफल ८० व.मि. (०-२-२-०) कायम गरी मिति २०७८ चैत्र २ गते आयोजना क्षेत्र हाल वडा नं. २ (साविक १५क, १५ख, १५ग, १५ङ, १५च, १५ज र १०क) र वडा नं. ६ (साविक ५क) मध्ये १५क, १५ख को (सल्लाघारी नगरकोट सडक जोडिएका ब्लकको जग्गाबाहेक) जग्गाको रिप्लटिङ्ग नक्सा नापी कार्यालय भक्तपुरबाट मिति २०७८।१२।२गते स्वीकृत भई सो बमोजिम ज.ध. प्रमाण पुर्जा वितरण भइरहेको र आयोजनाको बांकी क्षेत्रहरु मध्ये १५ग को रिप्लटिङ्ग नक्सा आयोजनाको व्यवस्थापन उप समितिको मिति २०७९।२।२५ गतेको बैठकबाट स्वीकृत भई नापी कार्यालय भक्तपुरमा स्वीकृतको लागि पेश गर्ने निर्णय भएकोमा भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९।२।२७ गतेको परिपत्र बमोजिम नेपाल राजपत्र खण्ड ७२ जेठ २३ गते प्रकाशित सूचनाको परिच्छेद ४ दफा १२ उपदफा २(क) अनुसार न्यूनत्तम १३० व.मि. भन्दा कम क्षेत्रफल हुने गरी कित्ताकाट गर्न नपाइने पत्राचार भएको हुँदा स्वीकृत डि.पि.आर. अनुसारको घडेरीको न्यूनत्तम क्षेत्रफल ८० व.मि. (०-२-२-०) को घडेरी कायम गरी कित्ताकाट गर्न रोक लगाएको देखिएको, आयोजना स्वीकृत हुँदा बहु वर्षीय आयोजनाको रुपमा स्वीकृत भएको र उक्त आयोजना स्वीकृत डि.पि.आर. अनुसार सम्पन्न भई नसक्दै उपरोक्त बमोजिमको भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको मिति २०७९।२।२७ गतेको परिपत्र अनुसार नेपाल राजपत्र खण्ड ७२ जेठ २३ गते प्रकाशित सूचनाको परिच्छेद ४ दफा १२ उपदफा २(क) अनुसार न्यूनत्तम १३० व.मि. भन्दाकम क्षेत्रफल हुने गरी कित्ताकाट गर्न नपाइने भन्ने व्यवस्था अनुसार गर्नु पर्दा आयोजना क्षेत्रभित्रका साना कित्ता जग्गाहरुको क्षेत्रफल पूर्व निर्धारित न्यूनत्तम क्षेत्रफलभन्दा बढाई थप जग्गा दिनुपर्ने र थप गर्ने जग्गा अन्य जग्गा धनीहरुबाट कट्टा गर्न जग्गा धनीहरुको योगदान प्रतिशतमा

समेत हेरफेर लगायतका कार्य गर्नुपर्ने भै आयोजना सम्पन्न गर्न प्राविधिक र आर्थिक रुपमा असहज हुने परिस्थिति सिर्जना हुने व्यहोरा अनुरोध गर्दै आयोजना क्षेत्र भित्रका रिप्लटिङ्ग गर्न बांकी क्षेत्रका कित्ता जग्गाहरु रिप्लटिङ्ग गरी विकसित घडेरी रुपमा कित्ताकाट गर्दा आयोजना स्वीकृत भएको समयको तत्कालिन मापदण्ड अनुसार न्यूनत्तम मोहडा कम्तीमा ६ मि. र क्षेत्रफल ८० व.मि. (०-२-२-०) को घडेरी कायम गरी कित्ताकाट गर्ने व्यवस्थाका लागि भूमि व्यवस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालय, शहरी विकास मन्त्रालय र काठमाण्डौ उपत्यकाविकास प्राधिकरणलाई अनुरोध गर्न प्रस्तुत प्रस्ताव पेश गरेको छु।

२८. सभाको अर्को बैठक २०७९।३।१६ गते विहीबार दिनको १:०० बजे बस्ने जानकारी गराउनु भयो।

**भक्तपुर नगरपालिकाको बाह्रौं नगर सभा (छैटौं दिन)**
**२०७९ असार १६ गते, बिहीबार**

१. सभा अध्यक्ष एवं नगर प्रमुख श्री सुनिल प्रजापतिले बाह्रौं नगर सभाको छैटौं दिनको बैठक शुरु गर्नु हुंदै बजेट तथा कार्यक्रम तर्जुमा समितिका संयोजक एवम् उपप्रमुख श्री रजनी जोशीलाई बजेटमाथिकोछलफलमा भाग लिनु हुने सभासदहरुले उठाउनु भएका जिज्ञासाहरुबारे प्रष्ट पार्न समय प्रदान गर्नुभयो ।

२. उपप्रमुख जोशीले सभासदहरुले उठाउनु भएका करको दायरा र कर वृद्धि तथा विभिन्न शीर्षकमा बजेट विनियोजन सम्बन्धी जिज्ञासाहरुलाई प्रष्ट पार्नु भयो ।

३. सभा अध्यक्ष श्री प्रजापतिले भक्तपुर नगरपालिकाको आर्थिक विधेयक, २०७९, भक्तपुर नगरपालिकाको विनियोजन विधेयक, २०७९ सहित आ.व. २०७९/०८० को लागि भक्तपुर नगरपालिकाको बजेट पारित गर्न सभामा प्रस्ताव पेश गर्नुभयो र सभाबाट निम्न अनुसारको आर्थिक विधेयक र विनियोजन विधेयक र आ.व. २०७९/०८० को भक्तपुर नगरपालिकाको बजेट सर्वसम्मतिले पारित भएको घोषणा गर्नुभयो :

४. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०७९ सभामा प्रस्तुत गर्न लेखा समितिका संयोजक एवम् भ.न.पा. २ नं. वडाका वडाअध्यक्ष श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले उक्त प्रतिवेदन सभामा प्रस्तुत गर्नु भयो ।

५. सभा अध्यक्ष प्रजापतिले समितिको प्रतिवेदनमाथि छलफलमा भाग लिन चाहने सभासदहरुलाई नाम टिपाउन र नाम टिप्न कर्मचारीहरुलाई निर्देशन दिनु भयो ।

६. छलफलमा भाग लिनु हुंदै सभासद श्री गोविन्द दुवालले सदाचारको टापु रुपमा परिचित नगरपालिकाको लेखा परीक्षणमा असुल उपर गर्नुपर्ने उल्लेख हुन नहुने, राजनैतिक कार्यकर्ताहरु नैतिकवान र इमान्दार हुनुपर्ने विचार व्यक्त गर्नुभयो ।

७. छलफलमा भाग लिनु हुंदै सभासद श्री श्याम सुन्दर मातांले नगरपालिकाका कर्मचारीहरुको पोशाकको बेरुजुबारे प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नुभयो ।

८. छलफलमा भाग लिनु हुंदै सभासद श्री तारा शाक्यले भ.न.पा. १० स्थित कमल पोखरी पुनः निर्माण सम्बन्धी पेश्की फछ्र्यौट भइसकेकोमा लेखा प्रतिवेदनमा पुनः बेरुजु उल्लेख भएको विषयमा प्रष्ट पार्नुपर्ने विचार व्यक्त गर्नु भयो ।

९. सभा अध्यक्ष प्रजापतिले छलफलमा सभासदहरुले उठाउनु भएका जिज्ञासाहरु बारे प्रष्ट पार्न लेखा समितिका संयोजक श्री हरिप्रसाद बासुकलालाई समय प्रदान गर्नुभयो र संयोजक बासुकलाले सभासदहरुको जिज्ञासा प्रष्ट पार्नु भयो ।

१०. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०७९ पारित गर्न सभामा प्रस्ताव राख्नु भयो र निम्न अनुसारको भक्तपुर नगरपालिकाको लेखा समितिको प्रतिवेदन, २०७९ सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो :

११. सभा अध्यक्ष प्रजापतिले भक्तपुर नगरपालिका सम्बन्धी प्रस्तावहरु पेश गर्न भ.न.पा. ७ नं. वडा का वडाअध्यक्ष श्री उकेश कवांलाई समय प्रदान गर्नु भयो र वडाअध्यक्ष कवांले प्रस्तावहरुसभामा पेश गर्नु भयो ।

१२. सभा अध्यक्ष प्रजापतिले निम्न अनुसारको प्रस्तुत प्रस्तावहरुलाई निर्णयाार्थ सभामा पेश गर्नुभयो र सभाले उक्त प्रस्तावहरु सर्वसम्मतिले पारित भएको घोषणा गर्नु भयो :

१. आ.व. २०७९/०८० श्रावण १ गतेदेखि २०७९असार १६ गतेसम्मको नगर कार्यपालिकाको बैठक, विभिन्न समितिहरु, उपसमितिहरु, नगर प्रमुख, उपप्रमुख, प्रमुख प्रशासकीय अधिकृतबाट भए गरेका सम्पूर्ण निर्णय, आदेश र काम कार्वाही नगर सभाबाट अनुमोदनको लागि निर्णयार्थ पेशगर्दछु ।

२. यस न.पा.को लागि प्राविधिक सल्लाहकार, कानूनी सल्लाहकार र अन्य आवश्यक सेवा र प्राविधिक सेवा, इन्जिनियरिङ्ग सेवा, पशु सेवा, कृषि सेवा, सहकारी सेवा, कार्यालय सहयोगी, माली, सवारी चालक, सरसफाई मजदुर, नकर्मी, इलेक्ट्रिसियन, डकर्मी, सिकर्मी, पेन्टर आदि प्राविधिक पदहरु आवश्यकता अनुसार सेवा करारबाट लिने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

३. यस नगरपालिकामा कार्यरत अस्थायी, सेवा करार, मासिक ज्यालादारी र दैनिक ज्यालादारीका जनशक्तिहरुलाई आवश्यकता अनुसार आ.व. २०७९/०८० का लागि म्याद थप गर्ने र सेवा सम्झौतामा आवश्यक संशोधन गरी नविकरण गर्ने कार्यपालिकाको निर्णय अनुमोदनको लागि निर्णयार्थ प्रस्ताव पेश गर्दछु ।

४. यस न.पा. मा कार्यरत नगर सरसफाईको ठेक्काहरुको आवश्यकता अनुसार ठेक्का सम्झौता संशोधन गरी २०८० आषाढ मसान्तसम्म ठेक्का अवधि थप गर्ने (कार्यपालिकाको निर्णय अनुमोदनको लागि) प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

५. यस नगरपालिकाको नियमित नगर सभा बसेको समय बाहेकको समयमा नगर सभाबाट गर्ने सम्पूर्ण काम कार्वाही गर्नको लागि नगर कार्यपालिकालाई अधिकार प्रत्यायोजन गर्ने प्रस्ताव निर्णयार्थ पेशगर्दछु ।

६. यस नगरपालिकाको संगठन स्वरुप र साविक दरबन्दीलाई आवश्यकता अनुसार संगठन तथा व्यवस्थापन (O & M)गरी संगठन परिमार्जन र दरबन्दी मिलान गर्न भ.न.पा. कार्यपालिकालाई अधिकार दिने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

७. यस न.पा.को आ.व.२०७९/०८० को लागि सम्पूर्ण कर्मचारीहरुको पेश भए बमोजिमको भ.न.पा. कार्यपालिकाबाट निम्न अनुसारको तलवी प्रतिवेदन अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु :

८ यस नगरपालिकाको आ.व २०७८।७९ मा स्वीकृत तथा सम्पन्न विकास निर्माण र सम्पदासंग सम्बन्धित योजना आयोजनाहरुको जाँचपास तथा फरफारक गर्ने नगर कार्यपालिकाको निर्णय अनुमोदनको गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु ।

९. आ.व. २०७९/०८० को लागि यस न.पा. लाई आवश्यक सरसामानको वार्षिक खरिद योजना सम्बन्धमा खरिद इकाई समितिबाट रु. ७,३६,००,०००।- (अक्षेरुपी रु. सात करोड छत्तीस लाख)को वार्षिक खरिद योजना तयार भई स्वीकृतिको लागि जिन्सी उपशाखाबाट पेश भएको निम्नानुसारको ७,३६,००,०००।- (अक्षेरुपी रु. सात करोड छत्तीस लाख)को वार्षिक खरिद योजना मिति २०७९।३।९ गतेको कार्यपालिका बैठकबाट स्वीकृत गर्ने निर्णय अनुमोदन गर्ने प्रस्ताव निर्णयार्थ पेश गर्दछु :

१०. मिति २०७९।२।२५ गतेमा बसेको यस नगरपालिकाको कार्यपालिका बैठकबाट गठित निम्नानुसारको न्यायिक समिति, विधायन समिति र लेखा समिति सभाबाट पारित गर्न निर्णयार्थ पेश गर्दछु :

<u>न्यायिक समिति</u>

सयोजक : उपप्रमुख श्री रजनी जोशी

सदस्य : ६ नं. वडा अध्यक्ष श्री हरिराम सुवाल

सदस्य : ८ नं. वडा अध्यक्ष श्री कृष्ण प्रसाद कोजु

सचिव : कानून शाखा प्रमुख

<u>विधायन समिति</u>

सयोजक : ६ नं. वडा अध्यक्ष श्री हरिराम सुवाल

सदस्य : ५ नं. वडा अध्यक्ष श्री योगेन्द्रमान बिजुक्छें

सदस्य : ८ नं. वडा अध्यक्ष श्री कृष्ण प्रसाद कोजु

सदस्य : २ नं. वडा सदस्यश्री मन्जुमैया लाखाजु

सदस्य : ५ नं. वडा सदस्यश्री सरिना ह्योला

सदस्य सचिव : कानून शाखा प्रमुख

<u>लेखा समिति</u>

सयोजक : २ नं. वडा अध्यक्ष श्री हरिप्रसाद बासुकला

सदस्य : ५ नं. वडा सदस्यश्री सरिना ह्योला

सदस्यः १०नं. वडा सदस्य श्री जितेन्द्र मुनंकर्मी

सदस्य : ५ नं. वडा सदस्यश्री नारायण प्रसाद त्वानाबासु

सदस्य : ४ नं. वडा सदस्यश्री पुरुषोत्तम तमखु

सदस्य सचिव : आन्तरिक लेखा परीक्षक

१३. सभा अध्यक्ष प्रजापतिले विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय विषयहरुको प्रस्ताव पेश गर्न भ.न.पा. ९ नं. का वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वलाई समय प्रदान गर्नुभयो र वडाअध्यक्ष ज्याख्वले राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरु सभामा पेश गर्नु भयो ।

१४. सभा अध्यक्ष प्रजापतिले प्रस्तुत निम्नानुसारको राष्ट्रिय र अन्तर्राष्ट्रिय प्रस्तावहरुलाई पारित गर्न सभामा प्रस्ताव पेश गर्नु भयो र सभाबाट सर्वसम्मतिले उक्त प्रस्ताव पारित भएको घोषणा गर्नु भयो :

१५. सभा अध्यक्ष प्रजापतिले ९ नं. वडाका वडाअध्यक्ष श्री रविन्द्र ज्याख्वलाई बाह्रौं नगर सभाका सम्पूर्ण गतिविधिहरु संक्षेपमा सभा पेश गर्न समय प्रदान गर्नु भयो र वडाअध्यक्ष ज्याख्वले विवरण सभा पेश गर्नु भयो ।

१६. सभा अध्यक्ष प्रजापतिले बाह्रौं नगर सभा सफलतापूर्वक सम्पन्न गर्न योगदान गर्नु हुने सम्पूर्ण अतिथि गण, सभासदहरु र कर्मचारीहरुलाई धन्यवाद ज्ञापन गर्नु हुंदै बाह्रौं नगर सभा सम्पन्न भएको घोषणा गर्नु भयो ।